

# ६ उहाँ हाम्रो निम्ति मर्नुभयो

***<u>यस अध्यायका मूल पदहरू:</u>*** प्रकाश १२:८, मत्ती १७:२२,२३, मर्कूस ९:३०-३२, यूहन्ना १९:१-३०, रोमी ६:२३, १ कोरन्थी १:१८-२४।

<u>यस अध्यायको मूल सार पद:</u> **"जसरी मोशाले उजाड-स्थानमा सर्पलाई उचाले, त्यसरी नै मानिसको पुत्र उचालिनुपर्छ, र जस-जसले उहाँमाथि विश्वास गर्छ, त्यसले अनन्त जीवन पाउँछ।" यूहन्ना ३:१४-१५।**

मृत्यु र सरकारलाई तिर्ने करबाट हामी भाग्न सक्दैनौं भन्ने कहावत छ। त्यो सर्वसत्य भन्ने छैन। मानिसहरूले कर तिर्न छल्न सक्छ, तर मृत्युलाई कसैले छल्न सक्दैन। मानिसहरूले मृत्युलाई केही वर्षपछि सार्न सकिन्छ होला, तर ढिलो होस् वा चाँडो होस् मृत्यु आइहाल्छ। चाहे धर्मी होस् चाहे दुष्ट होस्, मरेकाहरू सबै माटोमा मिल्छन् भन्ने कुरा हामीलाई थाहा छ, तर पुनरुत्थानमा हाम्रो आशा हुनुभनेको हाम्रो निम्ति सबै थोक हो। यो आशाबिना ख्रीष्टमा सुत्ने सबै जना नष्ट हुनेछन् (१ कोरन्थी १५:१८)। मानिस अमर छन् वा धर्मीहरू मरेपछि सिधै स्वर्ग जान्छन् भनेर सिकाउने इसाईहरूको निम्ति पावलको यो भनाइ अनौठो नै मान्नुपर्छ। "ख्रीष्टमा सुतिरहेकाहरू" स्वर्गमा परमेश्वरको सामु घुरिरहेकाछन् रे!

त्यसकारण, हाम्रो विश्वासको केन्द्रविन्दु येशूको पुनरुत्थान हो, किनभने उहाँ पुनरुत्थान हुनुभएकोले नै हाम्रो पनि पुनरुत्थान हुनेछ भनेर उहाँ जमानत हुनुभएको छ। येशू पुनरुत्थान हुनुभन्दा अघि उहाँ त मर्नै पर्थ्यो। त्यसैकारण गेतसमनीमा अत्यन्तै पीडा र वेदना सहेर भएतापनि आफ्नो मृत्युको अपेक्षा उहाँले गर्नुभएको थियो। उहाँले प्रार्थना गर्नुभएको थियो: "अब मेरो प्राण व्याकुल भएको छ, र म के भनूँ? 'हे पिता, मलाई यस घड़ीबाट

बचाउनुहोस्’? होइन, यसै कारणले नै म यस घड़ीसम्म आइपुगेको छु।" यूहन्ना १२:२७। र उहाँ आउनुको लक्ष्य नै मर्नको लागि थियो।

ख्रीष्टको मृत्यु र अनन्त जीवनको प्रतिज्ञासँग त्यसको के सरोकार छ सो यस अध्यायमा हामी नियाल्नेछौं।

## १. पृथ्वीको जग बसालिएको समयदेखि नै

**पृथ्वीको जग बसालिएको वा संसारको सृष्टिदेखि नै ख्रीष्टलाई मारिएको थियो रे! यो कसरी हुनसक्छ? हेर्नुहोस देहायका पदहरूः "पृथ्वीमा वास गर्ने सबैले त्यस पशुको पूजा गर्नेछन्, अर्थात् तिनीहरूले, जसको नाउँ संसारको सृष्टिदेखि नै मारिनुभएका थुमाका जीवनको पुस्तकमा लेखिएको छैन।" प्रकाश १३:८, "परमेश्वरले ठहराउनुभएको निश्चित योजना र पूर्वज्ञानअनुसार पक्राउ पर्नुभएको यिनै येशूलाई अधर्मी मानिसहरूका हातद्वारा तपाईंहरूले क्रूसमा टाँगेर मार्नुभयो।" प्रेरित २:२३, र १ पत्रुस १:१९,२० "निष्खोट र निष्कलङ्क थुमाको जस्तो ख्रीष्टको अनमोल रगतद्वारा दाम तिरी तिमीहरूलाई छुट्ट्याइएका छौ। उहाँ सृष्टिभन्दा अगाडिदेखि नै नियुक्त हुनुभएको थियो, तर तिमीहरूका खातिर समयको अन्त्यमा प्रकट हुनुभयो।" १ पत्रुस १:१९-२०।**

"पृथ्वीमा वास गर्ने सबैले त्यस पशुको पूजा गर्नेछन्, अर्थात् तिनीहरूले, जसको नाउँ संसारको सृष्टिदेखि नै मारिनुभएका थुमाका जीवनको पुस्तकमा लेखिएको छैन" प्रकाश १३:८। उपर्युक्त पदमा हाम्रो निम्ति निर्णायक धारणा त यो छ कि "पृथ्वीको जग बसालिएको समयदेखि नै ख्रीष्ट मारिनुभएको थियो" रे! हामीले यो बुझ्नु पर्छ कि यो शाङ्केतिक भाषा हो (प्रकाशको पुस्तक शाङ्केतिक भाषाले भरिएको छ) किनभने पृथ्वीको सृष्टिको हजारौं वर्षपछिमात्र येशूलाई क्रूसमा टाँगिएको थियो। यहाँ के भन्न खोजिरहेकोछ भने संसारको सृष्टि हुनुभन्दा अघि नै मुक्तिको योजना तयार भइसकेको थियो। त्यस मुक्तिको योजनाको केन्द्रविन्दुचाहिँ परमेश्वरको थुमा येशूलाई क्रुसमा टाँगिनु थियो।

**तितस १:२ पढ्नुहोस्। यस पदले मुक्तिको योजना कति अघिदेखि नै भएको थियो, जसको केन्द्रविन्दु येशूको मृत्यो थियो भनेर हामीलाई सिकाउँदछ? हेर्नहोस्, "जुन विश्वास र ज्ञान अनन्त जीवनको आशामा स्थिर छन्, अनि कहिल्यै झूट नबोल्नुहुने परमेश्वरले अनन्त कालदेखि प्रतिज्ञा गर्नुभयो।" तितस १:२।**

"संसारमा पापको प्रवेश भएपछि वा आदमको पतनभएपछिमात्र मुक्तिको योजना बनाइएको थिएन। मुक्तिको योजनाले परमेश्वरको सिंहासनको जगका नीतिहरू उघारिएको थियो।"-एलेन जी ह्वाइट, *डिजाएर अभ एजेज,* पृ २२ बाट रूपान्तरित।

यो योजना आदम र हव्वालाई अदनको बगैंचामा प्रकट गरिएको थियो (उत्पत्ति ३:१५,१६) र पुरानो करारभरिमा प्रत्येक पशुबलिको रगतले येशूको मृत्युलाई इङ्गित गरेको थियो। अब्राहमलाई उनको विश्वासको परिक्षा गर्ने समयमा परमेश्वर आफैले भेँडा उपलब्ध गराउनुभएर इसहाकको सट्टामा बलि दिएको थियो (उत्पत्ति २२:११-१३)। इसहाकको सट्टामा भेँडालाई बलिदिएको घट्नाले येशूले हाम्रो निम्ति पश्चातापको विधि क्रुसमा टाँगिएर पूरा गर्नुभएको थियो भनेर देखाएको थियो।

मुक्तिको सारा योजनाको केन्द्रिबिन्दु नै पापी मानिसको बदलि येशूको मृत्यु थियो। उहाँको त्यो मृत्युलाई शताब्दीयौंदेखि चलिआएको पशुबलिले औँल्याएको थियो। प्रत्येक पल्ट पशुलाई बलि दिइन्थ्यो त्यो क्रूसमा येशूको मृत्युको प्रतिक थियो, जो "परमेश्वरको थुमा, जसले संसारको पाप हटाउनु हुने थियो" (यूहन्ना १:२९)।

**पशुबलिहरू कठोर, त्रसिद र रक्तपातपूर्ण छ भन्ने कुरामा कसैको असहमत छैन। यही त्रसिद, कठोर रक्तालु क्रियाले नै हाम्रो बदलिमा येशूको मृत्यु भएको थियो भनेर हामीलाई कसरी सिकाउँदछ? पापको मोल कतिको भयानक रहेछ भनेर पनि त्यसले कसरी हामीलाई देखाउँछ?**

## २. क्रूसको भूमिका

**आफूले दुःखकष्ट, पीडा भोग्नुपर्छ र मर्नुपर्छ भन्ने कुरा येशूलाई थाहा थियो। त्यही भविष्यवाणी चेलाहरूलाई सुनाउँदा तिनीहरूको प्रतिक्रिया कस्तो थियो? तिनीहरूको प्रतिक्रियाले बाइबललाई राम्रोसँग नबुझ्दा वा गलत सम्झिन्दा आत्मिक जीवनमा कस्तो खतरा हुँदो रहेछ भनेर त्यसले हामीलाई कसरी सिकाउँछ? हेर्नुहोस् देहायका पदहरूः "२१ उहाँ कसरी यरूशलेममा जानुपर्छ, र धर्म-गुरु र मुख्य पूजाहारीहरू र शास्त्रीहरूबाट धेरै कष्ट भोग्नुपर्छ, मारिनुपर्छ र तेस्रो दिनमा जीवित भइउठ्नुपर्छ भनी उहाँले त्यस बेलादेखि आफ्ना चेलाहरूलाई बताउन थाल्नुभयो। २२ पत्रुसले उहाँलाई एकातिर लगेर हप्काउन लागे, "परमेश्वरले यसो नगरून्, प्रभु, तपाईंमाथि यस्तो कहिल्यै हुनेछैन।" २३ तर**

फर्केर उहाँले पत्रुसलाई भन्नुभयो, "ए शैतान, मेरो सामुन्नेबाट हटिजा, तँ मेरो निम्ति बाधा होस्। किनभने तँ परमेश्वरका कुरामा होइन, तर मानिसहरूका कुराहरूमा ध्यान दिन्छस्।" मत्ती१६:२१-२३," "२२ उहाँहरू गालीलमा भेला हुँदा येशूले तिनीहरूलाई भन्नुभयो, "मानिसको पुत्र मानिसहरूका हातमा सुम्पिइनेछ। २३ अनि तिनीहरूले उसलाई मार्नेछन्, तर तेस्रो दिनमा ऊ जीवित भई उठ्नेछ।" अनि तिनीहरू अत्यन्त दुःखित भए।" मत्ती १७:२२-२३, "३० अनि त्यहाँबाट निस्केर उहाँहरू गालील भएर जानुभयो। यो कुरा कसैले थाहा नपाओस् भन्ने उहाँको इच्छा थियो, ३१ किनकि उहाँले आफ्ना चेलाहरूलाई शिक्षा दिँदैहुनुहुन्थ्यो। उहाँले तिनीहरूलाई भन्नुभयो, "मानिसको पुत्र मानिसहरूका हातमा सुम्पिदिइनेछ, र तिनीहरूले उसलाई मार्नेछन्, र ऊ मारिएको तीन दिनपछि फेरि जीवित भई उठ्नेछ।" ३२ तर उहाँले भन्नुभएको यो कुरा तिनीहरूले बुझेनन्, र उहाँसँग सोध्न डराए।," मर्कूस ९:३०-३२, "४४ "यी कुरा तिमीहरूका कानमा गड्न्, किनभने मानिसको पुत्र मान्छेहरूका हातमा पक्राउ पर्न आँटेको छ।" ४५ तर तिनीहरूले यो कुरा बुझेनन्। किनकि यो तिनीहरूले नबुझून् भनेर तिनीहरूबाट गुप्त राखिएको थियो। तिनीहरू यस विषयमा उहाँलाई सोध्न डराउँथे।" लूका ९:४४-४५ र "३१ येशूले बाह्रैलाई अलग्गै लगेर भन्नुभयो, "हेर, हामी यरूशलेमतिर जाँदैछौं, र मानिसको पुत्रको विषयमा अगमवक्ताहरूले लेखेका हरेक कुरा पूरा हुनेछ। ३२ किनभने ऊ अन्यजातिहरूका हातमा सुम्पिइनेछ, र तिनीहरूले उसको गिल्ला गर्नेछन्, र ऊसँग दुर्व्यवहार गर्नेछन्, र उसलाई थुक्नेछन्। ३३ तिनीहरूले उसलाई कोर्रा लाउनेछन् र मार्नेछन्, अनि तेस्रो दिनमा ऊ फेरि मृत्युबाट जीवित भई उठ्नेछ।" ३४ तर चेलाहरूले यी कुराहरू एउटै पनि बुझेनन्। तिनीहरूका निम्ति यो कुरा गुप्तमा राखियो, अनि भनिएको यो कुरा तिनीहरूको समझले भ्याएन।" लूका १८:३१-३४।

येशू जन्मिनुभएको थियो मर्नको निम्ति, र उहाँ जिउनुभयो मर्नको निम्ति। प्रत्येक कदम उहाँ अघि बढ्नुहुँदा हाम्रो निम्ति प्रायश्चितको बलि हुँदै कलभरीको क्रूसको नजिक उहाँलाई ल्याउँथ्यो। आफ्नो लक्ष्य के हो सोको बारेमा उहाँ पूरै सजग हुनुहुन्थ्यो, त्यसले गर्दा उहाँलाई कसैले पनि न त कुनै कुराले त्यस लक्ष्यबाट विचलित हुन दिनुभएन। वास्तविकरूपमा भन्ने हो भने, "उहाँको पूरै जीवन क्रूसमा मर्नुपर्ने भूमिकामा आधारित थियो।"-एलेन जी ह्वाइट, *फन्डामेन्टलस् अभ क्रिश्चियन एजुकेशन,* पृ. ३८२बाट रूपान्तरित।

यस संसारमा उहाँको अन्तिम दिनहरूमा चेलाहरूलाई येशूले आफ्नो मृत्युको बारेमा स्पष्ट जानकारी दिनुभएको थियो। तर येशूको त्यो वास्तविक सत्यलाई स्वीकार गर्न तिनीहरू असमर्थ थिए र चाहेका पनि थिएनन्। मसीह त यहूदी धर्म राज्य स्थापना गर्न आउनुहुन्छ र अन्य जातिहरूलाई सखाप पारे यस संसारमा यहूदीहरूको बाहुल्यता स्थापित गर्नुहुनेछ भन्ने गलत धारणा यहूदीहरूमा थियो। त्यस धारणाको परिप्रेक्ष्यमा येशूलाई मसीह भनेर स्वीकार गर्दा गर्दै उहाँलाई मारिने छ भन्ने भन्ने कुरो तिनीहरूले अपेक्षा गरेका थिएनन् न त सुन्न नै चाहेका थिए। अर्थात्, तिनीहरूको गलत धार्मिक शिक्षाले तिनीहरूलाई अनावश्यकरूपमा पीडा र कष्ट भोग्न वाध्य भएका थिए।

निकोदिमसलाई येशूले घोषणा गर्नुभएको थियो, "१४ जसरी मोशाले उजाड-स्थानमा सर्पलाई उचाले, त्यसरी नै मानिसको पुत्र उचालिनुपर्छ, १५ र जस-जसले उहाँमाथि विश्वास गर्छ, त्यसले अनन्त जीवन पाउँछ।" यूहन्ना ३:१४-१५। कैसरा फिलिप्पीमा येशूले चेलाहरूलाई भन्नुभएको थियो कि उहाँ " कसरी यरूशलेममा जानुपर्छ, र धर्म-गुरु र मुख्य पूजाहारीहरू र शास्त्रीहरूबाट धेरै कष्ट भोग्नुपर्छ, मारिनुपर्छ र तेस्रो दिनमा जीवित भइउठ्नुपर्छ" भनी उहाँले त्यस बेलादेखि आफ्ना चेलाहरूलाई बताउन थाल्नुभयो।" मत्ती १६:२१। चुपचाप गलिलतिरबाट जाँदै गर्दा (मर्कूस ९:३०-३२) र यरुशलेको अन्तिम यात्रामा (लूका १८:३०;३२) येशूले चेलाहरूलाई फेरि आफ्नो मृत्यु र पुनरुत्थानको बारेमा बताउनुभइएको थियो। यो त तिनीहरूले सुन्न पक्कै पनि चाहेका थिएनन्। त्यसले गर्दा तिनीहरूले सुन्दा पनि सुनेनन्। यही मनस्थिति हामी पनि हुन कस्तो सजिलो छ, छैन त?

**मानिसहरू विशेष गरेर परमेश्वरका चुनिएका मानिसहरूमा मसीहको पहिलो आगमनको बारेमा गलत धारणा थियो। अहिले पनि येशूको दोस्रो आगमनको बारेमा के के गलत धारणाहरू छन् त?**

## ३. "अब सिद्धियो!"

**यूहन्ना १९:१-३० पढ्नुहोस्। "अब सिद्धियो" भन्ने येशूको वाक्यमा के निर्णायत्मक सन्देश हामीलाई दिइएको छ? हेर्नुहोस्: "१ तब पिलातसले येशूलाई लगेर कोर्रा लाउन लाए। २ अनि सिपाहीहरूले काँढ़ाको मुकुट गाँथेर उहाँको शिरमा लगाइदिए, र उहाँलाई बैजनी रङ्गको वस्त्र पहिराइदिए, ३ र उहाँको नजिक आएर भने, "प्रणाम, यहूदीहरूका राजा!" अनि तिनीहरूले उहाँलाई थप्पड़**

लाए। ४ फेरि बाहिर निस्केर पिलातसले तिनीहरूलाई भने, "हेर, म यिनलाई तिमीहरूकहाँ बाहिर ल्याइरहेछु, र तिमीहरूलाई जनाउन चाहन्छु, म यिनमा केही दोष पाउँदिनँ।" ५ तब काँढ़ाको मुकुट र बैजनी रङ्गको वस्त्र पहिरिएका येशू बाहिर आउनुभयो, र पिलातसले तिनीहरूलाई भने, "हेर, यो मानिस!" ६ जब मुख्य पूजाहारीहरू र पहरेदारहरूले उहाँलाई देखे, तिनीहरू यसो भन्दै चिच्च्याउन लागे, "त्यसलाई क्रूसमा टाँग्नुहोस्, त्यसलाई क्रूसमा टाँग्नुहोस्!" पिलातसले तिनीहरूलाई भने, "तिमीहरूले नै यिनलाई लगेर क्रूसमा टाँग, किनभने म यिनमा केही दोष पाउँदिनँ!" ७ यहूदीहरूले उनलाई जवाफ दिए, "हाम्रो एउटा व्यवस्था छ, र त्यस व्यवस्थाअनुसार यो मर्नैपर्छ, किनकि यसले आफैलाई परमेश्वरको पुत्र तुल्याएको छ।" ८ यो कुरो सुनेर पिलातस झन् डराए। ९ उनी फेरि महलभित्र पसे र येशूलाई सोधे, "तिमी कहाँका हौ?" तर येशूले उनलाई केही जवाफ दिनुभएन। १० यसकारण पिलातसले उहाँलाई भने, "के तिमी मसँग बोल्दैनौ? तिमीलाई छोडिदिने अधिकार मसँग छ, र तिमीलाई क्रूसमा टाँग्ने अधिकार पनि मसँग छ भन्ने तिमीलाई थाहा छैन?"

११ येशूले जवाफ दिनुभयो, "तपाईंलाई माथिबाट नदिइएको भए ममाथि तपाईंको केही अधिकार हुनेथिएन। यसकारण मलाई तपाईंका हातमा सुम्पिदिने अझ बढ़ी पापको दोषी छ।" १२ त्यसपछि पिलातसले उहाँलाई छोडिदिन बढ़ी प्रयत्न गरे। तर यहूदीहरू यसो भन्दै कराए, "यदि तपाईंले यस मानिसलाई छोडिदिनुभयो भने तपाईं कैसरका मित्र हुनुहुन्न। आफैलाई राजा हुँ भनी दाबी गर्ने प्रत्येक कैसरको विरुद्धमा खड़ा हुन्छ।" १३ पिलातसले यी कुरा सुनेर येशूलाई बाहिर ल्याए, र उनी "ढुङ्गाका पाटी" भनिने ठाउँमा (जसलाई हिब्रूमा गब्बथा भनिन्छ) न्याय आसनमा बसे। १४ त्यस समय निस्तार-चाड़का तयारीको दिन थियो। दिउँसोको करीब बाह्र बजेको थियो। पिलातसले यहूदीहरूलाई भने, "हेर, तिमीहरूका राजा!" १५ तर तिनीहरू यसो भन्दै चिच्च्याए, "लैजानुहोस्, लैजानुहोस्, त्यसलाई क्रूसमा टाँग्नुहोस्!" पिलातसले तिनीहरूलाई सोधे, "के म तिमीहरूका राजालाई क्रूसमा टाँगूँ?" मुख्य पूजाहारीहरूले जवाफ दिए, "कैसरबाहेक हाम्रो अरू राजा छैन।" १६ तब उनले उहाँलाई क्रूसमा टाँग्न तिनीहरूका हातमा सुम्पिदिए। यसकारण सिपाहीहरूले येशूलाई जिम्मा लिए। १७ उहाँ आफ्नो क्रूस आफै बोकेर खप्परे भनिने ठाउँमा जानुभयो, जसलाई हिब्रूमा गलगथा भनिन्छ। १८ त्यहाँ तिनीहरूले उहाँलाई क्रूसमा टाँगे र उहाँसँग अरू दुई जनालाई टाँगे, एक जनालाई एकापट्टि र

अर्कालाई अर्कोपट्टि, अनि माझमा येशूलाई। १९ पिलातसले एउटा दोष-पत्र पनि लेखे, अनि क्रूसमाथि टाँसिदिए। त्यसमा यही लेखिएको थियो, "नासरतको येशू, यहूदीहरूको राजा।" २० अब धेरै यहूदीहरूले यो दोष-पत्र पढ़े, किनभने येशू क्रूसमा टाँगिनुभएको ठाउँ सहरको नजिकै थियो। यो हिब्रू, ल्याटिन र ग्रीक भाषामा लेखिएको थियो। २१ यहूदीहरूका मुख्य पूजाहारीहरूले पिलातसलाई भने, " 'यहूदीहरूका राजा' भन्ने होइन, तर 'यसले म यहूदीहरूका राजा हुँ भन्यो' भनी लेख्नुहोस्।" २२ पिलातसले जवाफ दिए, "मैले जे लेखें, लेखें।"

२३ जब सिपाहीहरूले येशूलाई क्रूसमा टाँगे, तब तिनीहरूले उहाँका वस्त्र लिएर प्रत्येक सिपाहीलाई एक-एक भाग हुने गरी चार भाग गरे। उहाँको बाहिरी वस्त्र पनि लिए, तर त्यो वस्त्रचाहिँ सिउनी नभएको माथिदेखि तलसम्मै बुनेको सग्लो थियो। २४ यसकारण तिनीहरूले आपसमा भने, "योचाहिँ नच्यातौं, तर यो कसको हुने हो भनी चिट्ठा हालौं।" धर्मशास्त्र पूरा होस् भनेर नै यो भएको थियो: "तिनीहरूले मेरो वस्त्र आफू-आफूमा बाँड़े, र बाहिरी वस्त्रमा चाहिँ चिट्ठा हाले।" २५ यसकारण सिपाहीहरूले यो काम गरे। अनि येशूको क्रूसको नजिक उहाँकी आमा, उहाँकी आमाकी बहिनी, क्लोपासकी पत्नी मरियम र मरियम मग्दलिनी उभिरहेका थिए। २६ जब येशूले आफ्नी आमालाई र उहाँले माया गर्नुहुने चेला नजिकमा उभिरहेका देख्नुभयो, तब उहाँले आफ्नी आमालाई भन्नुभयो, "नारी, हेर्नुहोस्, तपाईंको छोरो!" २७ तब त्यस चेलालाई पनि उहाँले भन्नुभयो, "हेर, तिम्री आमा!" त्यस बेलादेखि त्यस चेलाले उनलाई आफ्नै घरमा लगे। २८ यसपछि येशूले सबै कुरा अब सिद्धिए भनी जानेर धर्मशास्त्र पूरो होस् भनी भन्नुभयो, "मलाई तिर्खा लाग्यो।" २९ त्यहाँ सिर्काले भरिएको एउटा भाँड़ो राखिएको थियो। यसकारण सिर्काले भरिएको स्पञ्ज एउटा हिसपको हाँगामा राखेर तिनीहरूले उहाँको मुखमा पुऱ्याइदिए। ३० जब येशूले सिर्का लिनुभयो, तब उहाँले भन्नुभयो, "अब सिद्धियो," र उहाँले शिर निहुराएर आफ्नो आत्मा त्यागिदिनुभयो।"

अन्तमा आएर येशूको निम्ति, मानवताको निम्ति र सारा जगतको निम्ति निर्णायक क्षणहरू आएको थियो। अन्धकारका शक्तिहरूको विरुद्धमा अत्यन्तै पीडा र बेदनाले येशूले संघर्ष गर्नुभयो। विस्तारै उहाँ गेतसमनीको वगैंचातिर कदम चाल्नुभयो, अन्यायपूर्वक उहाँको बिरुद्धमा मुद्दा लगाएकोमा उहाँले त्यसको सामना गर्नुभयो, र कलभरीको पहाडमा उहाँ उक्लिनुभयो। पतित दुष्ट स्वर्गदूतहरूले उहाँलाई छोप्न खोजेका थिए। जब येशू क्रूसमा

झुण्डिरहनुभएको थियो तब मूख्य पुजारी, धर्मशास्त्रीहरू र यहूदी धर्मका अगुवाहरूले उहाँलाई जिस्क्याउँदै चिच्याइ रहेका थिए, “यसले अरूलाई त बचायो, आफूलाई चाहिँ बचाउन सक्दैन। हे इस्राएलको राजा हो, अहिले क्रूसबाट तल ओर्लेर आओस्, र हामी यसलाई विश्वास गर्नेछौं।" मत्ती २७:४२।

के येशू क्रूसबाट ओर्लेर आफूलाई बचाउन सक्नुहुन्थ्यो? सक्थ्यो, तर त्यो गर्न उहाँ राजी हुनुभएन। सारा मानव जातको निम्ति र उहाँलाई हेप्ने र उहाँलाई गिल्ला गर्नेहरूप्रति बिनाशर्त प्रेमले गर्दा आफ्नो पीडालाई उहाँले त्यागनुभएन। वास्तविकरूपमा ती गिल्ला गर्नेहरूलाई उहाँले मुक्ति दिन चाहनुभएको थियो, उहाँ क्रूसबाट तल आउनुभएन र आफूलाई बचाउनुभएन। तर उहाँलाई किलाले होइन तिनीहरूलाई उद्धार गर्ने उहाँको चाहनाले क्रूसमा परिरहनुभएको थियो।"- अल्फ्रेड प्लमर, *आन इक्सजिटिकल कमेन्टरी अन द गस्पल आकर्डिन टु सेन्ट माथ्यु,* लन्डन, इलियोट, १९१०, पृ. ३९७बाट रूपान्तरित।

यहाँ दुःख र पीडामा येशले सैतानको राज्यलाई परास्त्र गर्दै हुनुहुन्थ्यो। हुन त सैतानले नै येशूलाई क्रूसमा टाँगिन मानिसहरूलाई उक्साएको थियो। येशूप्रति विश्वासघात गर्न पनि सैतानले नै अग्रज भूमिका खेलेको थियो (यूहन्ना ६:७०, यूहन्ना १३:२,२७)। "सुमाचारका लेखकहरूले नभनेतापनि येशूको मृत्यु दुवै सैतानको काम थियो र येशूले सैतानमाथि पाउने विजयको काम थियो।"- जर्ज इ. लाड, *अ थियोलोजी अभ द न्यु टेस्टामेन्ट,* संसोधित संस्करण, क्याम्ब्रिज, लुटरवर्थ, १९९४, पृ. १९२बाट रूपान्तरित।

जब उहाँ क्रूसमा "अव सिद्धयो" भनेर चित्कार गर्नुभयो (यूहन्ना १९:३०), तब उहाँको पीडा र वेदनामात्र सकिएको थिएन तर जगतको महान् युद्धको इतिहास पनि सकिएको थियो। त्यो युद्ध थियो सैतान र उसका दुष्ट शक्तिहरूले ल्याएको महान् विवाद। " सैतानलाई हराएर येशूले उसमाथि विजयी हुनुभएकोले सारा स्वर्गमा खुशियाली मच्चिएको थियो। सैतानलाई परास्त्र गरियो, र उसलाई थाहा भयो कि उसको राज्य अब उसको काबुबाट छिनिलियो।"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज,* पृ. ७५८बाट रूपान्तरित।

अचम्मको विपरित धारणालाई बुझ्न त्यति सजिलो छैनः परमेश्वरको पुत्रलाई अत्यन्तै होच्याएको थियो तैपनि उहाँ जित्नुभयो रे, त्यो पनि हाम्रो र

सारा जगतको निम्ति। यो बिजय सबभन्दा महान् र ठूलो महिमित विजय थियो।

**पाप कस्तो खराब रहेछ जसबाट हामीलाई छुट्कारा दिन येशूको मृत्युको आवश्यक भएको थियो। हाम्रो धर्मकर्म, दानदक्षिणा, त्याग तपस्या, परोपकरीय काम र अनेको विद्या हासिल गरेर मुक्ति पाउन वा परमेश्वरलाई खुशी पार्न खोज्नु बेकारको रहेछ भनेर त्यस सत्यले हामीलाई कसरी सिकाउँदछ?**

## ४. उहाँ हाम्रो निम्ति मर्नु भयो

**येशूको मृत्युले हाम्रो निम्ति के उपलब्धी भयो? हेर्नुहोस्, देहायका पदहरू: "१४ जसरी मोशाले उजाड-स्थानमा सर्पलाई उचाले, त्यसरी नै मानिसको पुत्र उचालिनुपर्छ, १५ र जस-जसले उहाँमाथि विश्वास गर्छ, त्यसले अनन्त जीवन पाउँछ। १६ "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्। १७ किनकि परमेश्वरले संसारलाई दोषी ठहराउन भनी पुत्रलाई संसारमा पठाउनुभएन, तर संसार उहाँद्वारा बाँचोस् भनेर पठाउनुभयो। १८ जसले उहाँमाथि विश्वास गर्छ, त्यो दोषी ठहर्रिंदैन, तर विश्वास नगर्नेचाहिँ अघि नै दोषी ठहरिएको छ, किनभने उसले परमेश्वरका एकमात्र पुत्रको नाउँमा विश्वास गरेको छैन।" यूहन्ना ३:१४-१८, र "किनकि पापको ज्याला मृत्यु हो, तर परमेश्वरको सित्तैंको वरदान ख्रीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो।" रोमी ६:२३।**

जब यर्दन नदीमा बप्तिस्मा दिने यूहन्नाबाट बप्तिस्मा लिन येशू आउनुभएको थियो तबर उनी उल्लेसित भएर कराए, "हेर! परमेश्वरको थुमा जसले संसारको पाप उठाइ लैजानुहुन्छ!" (यूहन्ना १:२९)। यस वाक्यले येशू परमेश्वरको सक्कली थुमा हुनुहुन्छ जसलाई पुरानो करारमा भएका सबै सही पशुबलिहरूले औंल्याएका थिए।

तर पशुबलि आफैले मानिसहरूका पापहरूलाई हटाउन सकिन्दैनथ्यो (हिब्रू १०:४)। तिनीहरूको बलि केवल भविष्यमा येशूले क्रूसमा टाँगिनहुँदामात्रै मानिसहरूका पापहरूलाई क्षमा दिने सर्तमा थियो। अर्थात् पशुबलिहरू सक्कल येशूको बलिको नक्कल थियो। "यदि हामीले आफ्ना पापहरू स्वीकार गऱ्यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ, र सबै अधर्मबाट

हामीलाई शुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ।" १ यूहन्ना १:९।

**यूहन्ना ३:१६,१७ फेरि पढ्नुहोस्। ती पदहरूबाट हामीले के महान् आशा पाउन सक्छौं, विशेष गरेर तपाईंले के गल्ती गर्नुभयो त्यसको सजायँ भोग्न तपाईं दोषी ठहरिनुभएको परिप्रेक्ष्यमा। हेर्नुहोस्, "१६ "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्। १७ किनकि परमेश्वरले संसारलाई दोषी ठहराउन भनी पुत्रलाई संसारमा पठाउनुभएन, तर संसार उहाँद्वारा बाँचोस् भनेर पठाउनुभयो।" यूहन्ना ३:१६-१७।**

माथिका पदहरूको अर्थ तपाईंले सोच्नुहोस्। सारा जगत सृष्टि गर्नुहुने येशू (यूहन्ना १:१-३) हामी प्रत्येकको निम्ति आफूलाई सुम्पिनुभयो। हाम्रा पापहरूको निम्ति उहाँ बलि हुनुभयो। उहाँले गर्दा हाम्रा पापहरूबाट हामी सफाइ पाउँछौं। सुसमाचारमा यो महान् प्रतिज्ञा हो।

येशूले यो घोषणा गर्नुभयो कि परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि हाम्रो निम्ति मर्न आफ्नो एकमात्र पुत्रलाई दिनुभयो। यो कुरा हामीले कहिल्यै पनि बिर्सनुहुन्न कि येशूले स्वइच्छाले हाम्रो निम्ति मर्नुभयो (हिब्रू ९:१४)

इसाई सुधारवादी मार्टिन लुथरले क्रूसको बारेमा यो भावना व्यक्त गरेका थिए, "क्रूस बेदी हो जहाँ येशूको हृदयमा भएको असिमित प्रेमको ज्वालाले उहाँलाई जलाएको थियो। परमेश्वर पिताको सामु आफ्नो शरीर र रगतको पवित्र र जीवित बलि प्रस्तुत गर्नुभएको थियो। त्यसबेला हाम्रो निम्ति पहल गर्दै उहाँले रोइकराइ चिन्तित आँशुका तातो धाराहरू बगाउनुभएको थियो (हिब्रू ५:७)।"-*लुथरस वर्कस्*, ठेली १३, सेन्ट लुइस, मसुरी, कनकर्डिया, १९५६, पृ. ३१९बाट रूपान्तरित। एक फेरा सबैको निम्ति येशू मर्नुभयो (हिब्रू १०:१०) र सदाको निम्ति (हिब्रू १०:१२)। उहाँको बलि आफै पर्याप्त छ र त्यसको शक्ति कहिल्यै पनि कम हुँदैन।

अझ त्यहाँ बढि छः "यदि केवल एक जना मानिसमात्र उहाँको अनुग्रहको सुसमाचारलाई ग्रहण गरेको भए उसलाई मुक्ति दिन येशूले दुःखकष्ट र गिल्ला अनि लाजमर्दो मृत्यु सहन तयार हुनुहुन्थ्यो।"-एलेन जी ह्वाइट, *द मिनिस्त्री अभ हिलिङ्ग*, पृ. १३५बाट रूपान्तरित।

**यूहन्ना ३:१६ फेरि पढ्नुहोस्। "संसार" र "जसले" भन्ने शब्दमा तपाईंको आफ्नै नाउँ राख्नुहोस्। जब तपाईं क्षण क्षणमा पाप गर्न दिमाग चल्छ तब यस अचम्मको प्रतिज्ञा तपाईंकै निम्ति हो भनेर कसरी ठोकुवा गर्ने?**

**१ कोरन्थी १:१८-२४ पढ्नुहोस्। क्रूसको बारेमा पावलले यहाँ के बताइरहेका छन्, र संसारका बुद्धि र ज्ञानसँग क्रूसको आत्मज्ञान किन बाझिन्छ? आजको भौतिकवाद, विभिन्न दर्शन र वादहरू जसले परमेश्वरको आवश्यकताको महसुस नगर्ने समाजको निम्ति क्रूसको सन्देश किन महत्त्वपूर्ण छ?**

मुक्तिको इतिहासको मूल केन्द्रविन्दु नै येशू ख्रीष्टको क्रूस हो। "कलभरीको क्रूसमा प्रकट गरिएको प्रेमको गहिऱ्याइ अनन्त समयमा पनि बुझ्न सकिन्दैन। त्यहाँ ख्रीष्टको असीमित प्रेम र सैतानको असीमित स्वार्थ मुखामुख जम्का भेट भएको थियो।"-स्टिफन एन. हास्कल, *द क्रस एण्ड इटिस् शाडो,* साउथ लान्कास्टर, मासाचुसेट, बाइबल ट्रेनिङ्ग, १९१४बाट रूपान्तरित।

जब येशूले नम्र भएर झुक्दै मानव जातको निम्ति फिरौती तिर्न आफूलाई सुम्पिँदै हुनुहुन्थ्यो, तब स्वार्थले भरिपूर भएर सैतानले येशूलाई दुःख, कष्ट र पीडा दिइरहेको थियो। प्रत्येक मानव जातिले जस्तै येशू स्वाभाविक मृत्युमात्र भएन। उहाँ दोस्रो मृत्युको सामना गर्नुभएको थियो। त्यसको फलस्वरूप उहाँलाई विश्वास गर्ने सबै जना दोस्रो मृत्यको अनुभव कहिल्यै गर्नु नपरोस्।

क्रूसको अर्थलाई केलाउँदा धेरै महत्त्वपूर्ण पक्षहरू हामीले सम्झिनुपर्दछ। पहिलो, क्रूसले पापको विरुद्धमा परमेश्वरले गर्ने न्यायलाई सर्वोच्चरूपमा प्रकट गरिएको थियो (रोमी ३:२१-२६)। दोस्रो, पापीप्रति परमेश्वरको प्रेमलाई सर्वोच्चरूपमा प्रकट गरिएको थियो। तेस्रो, पापका सिक्रीहरूलाई तोड्न क्रूस नै शक्तिको ठूलो स्रोत हुन गएको छ (रोमी ६:२२,२३, १ कोरन्थी १:१७-२४)। चौथो, अनन्त जीवनको आशा केवल क्रूसमात्रै हो (फिलिप्पी ३:९-११, यूहन्ना ३:१४-१६, १ यूहन्ना ५:११,१२)। र पाँचौ, जगतमा फेरि भविष्यमा कहिल्यै पनि विद्रोह नहोस् भन्ने प्रतिरोधको रूपमा खडा भइरहने केवल क्रूसमात्र हो (प्रकाश ७:१३-१७, प्रकाश २२:३)।

क्रूसको बारेमा ती निर्णायक सत्यहरू यस संसारका कुनै पनि ज्ञान, बुद्धि, दर्शन, वाद आदिले पत्ता लगाउन सक्दैन। त्यसको विपरित पौराणिक सभ्यतामा होस् वा अहिलेको सभ्यतामा होस्, क्रूसको बारेमा प्रचार गरिनु नै

संसारका बुद्धिजीवीहरू र परमेश्वरको अस्तित्वलाई स्वीकारेर उहाँको नीतिमा हिँड्न नचाहनेको निम्ति "मूर्खतापूर्ण" छ। त्यस्ता मानिसहरूले यस संसारको सृष्टिकर्ता हुनुहुन्छ भनेर प्रायजसो विश्वास पनि गर्दैनन् (रोमी १:१८-२०)।

ग्रीक भाषाको "मूर्खतापूर्ण" अङ्ग्रेजी भाषाको "मोरोन moron" सँग जोडिएको छ। त्यसको अर्थ "मन्दबुद्धि वा केटाकेटीको जस्तो बुद्धि भएको" भन्ने जनाउँछ। त्यसकारण यस संसारका बुद्धिजीवीहरूको अगाडि क्रूसको ज्ञान केटाकेटीको जस्तो बुद्धि वा अर्थनवर्थको चर्चा भनेर तिनिहरूले पन्छाउँछन्। संसारका कुनै पनि बुद्धिजीवीले पापको बदलीमा येशू क्रूसमा मर्नुहुँदा हामीलाई दिइने मुक्तिको बारेमा बुझ्न सक्दैननन्।

**यस संसारका ज्ञानबुद्धिहरूमा जुनसुकै मूल्यमान्यता भएतापनि येशूप्रतिको विश्वास र हामीले प्रचार गरेको आशा तर तिनीहरूले ठानेका मूर्खताको सन्देशलाई तिनीहरू अर्थात् संसारका दर्शन, वाद, ज्ञान र बुद्धिजीवीहरूले किन हस्तक्षेप गर्न दिनुहुन्न? (१ कोरन्थी १:२१)?**

## ५. क्रूसको अर्थ

**१ कोरन्थी १:१८-२४ पढ्नुहोस्। क्रूसको बारेमा पावलले यहाँ के बताइरहेका छन्, र संसारका बुद्धि र ज्ञानसँग क्रूसको आत्मज्ञान किन बाझिन्छ? आजको भौतिकवाद, विभिन्न दर्शन र वादहरू जसले परमेश्वरको आवश्यकताको महसुस नगर्ने समाजको निम्ति क्रूसको सन्देश किन महत्त्वपूर्ण छ?**

मुक्तिको इतिहासको मूल केन्द्रविन्दु नै येशू खीष्टको क्रूस हो। "कलभरीको क्रूसमा प्रकट गरिएको प्रेमको गहिऱ्याइ अनन्त समयमा पनि बुझ्न सकिन्दैन। त्यहाँ खीष्टको असीमित प्रेम र सैतानको असीमित स्वार्थ मुखामुख जम्का भेट भएको थियो।"-स्टिफन एन. हास्कल, *द क्रस एण्ड इटिस् शाडो,* साउथ लान्कास्टर, मासाचुसेट, बाइबल ट्रेनिङ्ग, १९१४बाट रूपान्तरित।

जब येशूले नम्र भएर झुक्दै मानव जातको निम्ति फिरौती तिर्न आफूलाई सुम्पिँदै हुनुहुन्थ्यो, तब स्वार्थले भरिपूर भएर सैतानले येशूलाई दुःख, कष्ट र पीडा दिइरहेको थियो। प्रत्येक मानव जातिले जस्तै येशू स्वाभाविक मृत्युमात्र भएन। उहाँ दोस्रो मृत्युको सामना गर्नुभएको थियो। त्यसको फलस्वरूप उहाँलाई विश्वास गर्ने सबै जना दोस्रो मृत्यको अनुभव कहिल्यै गर्नु नपरोस्।

क्रूसको अर्थलाई केलाउँदा धेरै महत्त्वपूर्ण पक्षहरू हामीले सम्झिनुपर्दछ। पहिलो, क्रूसले पापको विरुद्धमा परमेश्वरले गर्ने न्यायलाई सर्वोच्चरूपमा प्रकट गरिएको थियो (रोमी ३:२१-२६)। दोस्रो, पापीप्रति परमेश्वरको प्रेमलाई सर्वोच्चरूपमा प्रकट गरिएको थियो। तेस्रो, पापका सिक्रीहरूलाई तोड्न क्रूस नै शक्तिको ठूलो स्रोत हुन गएको छ (रोमी ६:२२,२३, १ कोरन्थी १:१७-२४)। चौथो, अनन्त जीवनको आशा केवल क्रूसमात्रै हो (फिलिप्पी ३:९-११, यूहन्ना ३:१४-१६, १ यूहन्ना ५:११,१२)। र पाँचौ, जगतमा फेरि भविष्यमा कहिल्यै पनि विद्रोह नहोस् भन्ने प्रतिरोधको रूपमा खडा भइरहने केवल क्रूसमात्र हो (प्रकाश ७:१३-१७, प्रकाश २२:३)।

क्रूसको बारेमा ती निर्णायक सत्यहरू यस संसारका कुनै पनि ज्ञान, बुद्धि, दर्शन, वाद आदिले पत्ता लगाउन सक्दैन। त्यसको विपरित पौराणिक सभ्यतामा होस् वा अहिलेको सभ्यतामा होस्, क्रूसको बारेमा प्रचार गरिनु नै संसारका बुद्धिजीवीहरू र परमेश्वरको अस्तित्वलाई स्वीकारेर उहाँको नीतिमा हिँड्न नचाहनेको निम्ति "मूर्खतापूर्ण" छ। त्यस्ता मानिसहरूले यस संसारको सृष्टिकर्ता हुनुहुन्छ भनेर प्रायजसो विश्वास पनि गर्दैनन् (रोमी १:१८-२०)। ग्रीक भाषाको "मूर्खतापूर्ण" अङ्ग्रेजी भाषाको "मोरोन moron" सँग जोडिएको छ। त्यसको अर्थ "मन्दबुद्धि वा केटाकेटीको जस्तो बुद्धि भएको" भन्ने जनाउँछ। त्यसकारण यस संसारका बुद्धिजीवीहरूको अगाडि क्रूसको ज्ञान केटाकेटीको जस्तो बुद्धि वा अर्थनवर्थको चर्चा भनेर तिनिहरूले पन्छाउँछन्। संसारका कुनै पनि बुद्धिजीवीले पापको बदलीमा येशू क्रूसमा मर्नुहुँदा हामीलाई दिइने मुक्तिको बारेमा बुझ्न सक्दैननन्।

**यस संसारका ज्ञानबुद्धिहरूमा जुनसुकै मूल्यमान्यता भएतापनि येशूप्रतिको विश्वास र हामीले प्रचार गरेको आशा तर तिनीहरूले ठानेका मूर्खताको सन्देशलाई तिनीहरू अर्थात् संसारका दर्शन, वाद, ज्ञान र बुद्धिजीवीहरूले किन हस्तक्षेप गर्न दिनुहुन्न? (१ कोरन्थी १:२१)?**

## उपसंहारः

**थप जानकारीः एलेन जी ह्वाइट, डिजाएर अभ एजेज, पृ. ६८५-६९७को "गेतसमनी", पृ. ७४१-७५८को "कलभरी" र स्टेप्स टु क्राइस्टको पृ. २७को "रिपेन्टेन्स।"**

"**सारा** स्वर्ग नै हाम्रो मुक्तिको निम्ति चासो देखाइरहेको मैले देखें, के त्यसप्रति हामी वेवास्ता गर्ने त? चाहे हामीले मुक्ति पाओस् वा नपाओस् त्यसको मतलब के छ र भनेर हामी पन्छिएर बस्ने? के हाम्रो निम्ति गरिएको त्याग र बलिदानलाई चानचुने भनेर ठानौं त? कतिले त यस्तो गर्छन् पनि। तिनीहरूलाई प्रदान गरिएको दयालाई खेलाँचीको रूपमा लिएका छन् र तिनीहरूप्रति परमेश्वर नाराज हुनुभएको छ। परमेश्वरको आत्मा सधैं चित्त दुखाएर बस्दैन। यदि उहाँको आवाज सुन्न अट्टेर भइनै रह्यो भने त्यो आवाज त्यस मानिसबाट हटेर जान्छ। मानिसहरूलाई मुक्ति दिन परमेश्वरले गर्नुभएको प्रयास र येशूले प्रदान गर्नुभएको दयालाई तिरस्कार गरियो भने तिनीहरू मृत्युमा सहभागी हुनुपर्नेछ। तिनीहरूकै स्वइच्छाले दोस्रो मृत्युलाई किनेको ठहरिन्छ। त्यो मृत्यु भयानक हुनेछ। तिनीहरूको मुक्तिको निम्ति क्रूसमा जुन पीडा र कष्ट येशूले भोग्नुभएको थियो त्यही पीडा र कष्ट तिनीहरूले भोग्नेछन् किनभने तिनीहरूले तिनीहरूको मुक्तिको निम्ति तिरेको मोललाई अस्वीकार गरेका थिए।त्यसबेला तिनीहरूले यो महसुस गर्नेछन् कि तिनीहरूले अनन्त जीवन र ननासिने सम्पत्ति गुमाए। जुन महान् त्याग र बलिदान मानिसहरूलाई उद्धार गर्न गरिएको थियो त्यसले हामी कतिको मूल्यवान रहेछौं भनेर देखाउँदछ। जब अमूल्य मानिसले एक फेरा मूक्ति गुमायो भने त्यो सदाको निम्ति उसले मुक्ति गुमाउनु पर्ने हुन्छ।"-एलेन जी ह्वाइट, *टेस्टिमोनिज फर द चर्च,* ठेली १, पृ. १२४बाट रूपान्तरित।

**चिन्तनमनन:**

**अ. पशुबलिले मानिसका पापहरू हरण गर्नु असम्भव छ भनेर पावलले हिब्रू १०:४मा उल्लेख गरेका छन्। तब पूरानो करारमा मानिसहरूले कसरी मुक्ति पाए त? कतिपय समयमा जब हामी बजार जान्छौं र हामीसँग तत्काल पैसा नहोला वा सिद्धिएला तर पछि पैसा तिर्ने गरेर सामान दिन्छन् रे। त्यसै गरेर येशूको बलि पछि हुनेछ र उहाँले पापको मोल तिरि दिनुहुनेछ भन्ने विश्वास गरेर पुरानो करारका विश्वासीहरूले पशुबलि चढाएका थिए।**

**आ.पावलले यसरी व्यक्त गरेका छन्, " १६ यसरी अब उप्रान्त हामी कसैलाई मानिसको दृष्टिकोणले हेर्दैनौं। हामीले ख्रीष्टलाई एक समय**

मानिसको दृष्टिकोणले हेरेका थियौं, तर अब उप्रान्त उहाँलाई त्यसरी हेर्नेछैनौं। १७ यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो। पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ। १८ यो सब परमेश्वरबाट भएको हो, जसले हामीलाई ख्रीष्टद्वारा आफूसँग मिलापमा ल्याउनुभयो, र हामीलाई मिलापको सेवा दिनुभयो, १९ अर्थात् स्वयम् ख्रीष्टमा हुनुभएर परमेश्वरले संसारलाई आफूसँग मिलापमा ल्याउँदैहुनुहुन्थ्यो। तिनीहरूका अपराधका लेखा नलिएर मिलाप गराउने कामको सन्देश उहाँले हामीलाई सुम्पिदिनुभएको छ। २० यसकारण हामी ख्रीष्टका राजदूतहरू हौं, र परमेश्वरले हामीद्वारा अनुरोध गरिरहनुभएको छ। ख्रीष्टकै पक्षमा हामी तिमीहरूलाई बिन्ती गर्दछौं, कि तिमीहरू परमेश्वरसँग मिलापमा आओ। २१ किनकि हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो।" २ कोरन्थी ५:१६-२१। यदि येशू संसारका सबै जनाको निम्ति मर्नुभयो भने सबै जनाले किन मुक्ति पाउँदैन? तिनीहरूको बदलिमा महान् बलिदान गरेतापनि क्रूसबाट दिने मुक्ति व्यक्तिगत आत्मनिर्णयमा किन भरपर्छ? मानिसले मुक्ति पाउने नपाउने निर्णय मानिसले आफैले कसरी निर्धारण गर्दछ?

इ. कतिपय संसारका बुद्धिज्ञान, दर्शन, वाद आदि परमेश्वरको निम्ति मूर्खता हुन्छन्। तिनीहरूमा केही के के होला? प्रकृतिमा भएका सौन्दर्यता र अचम्मका डिजाइन वा आकृतिहरू त्यसै अचानक हुन आयो भन्ने जस्तो मूर्खपूर्ण धारणा अरू के होला? पृथ्वी वा जगत आफसे आफ उत्पन्न भयो रे! अरु तर्कहिन उदाहरणहरू के होला?

ई. क्रूसको बारेमा सोच्नुहोस् र त्यहाँ के भयो त्यो पनि सोच्नुहोस्। त्यसले गर्दा धर्मकर्म, व्यक्तिगत प्रयासले मुक्ति पाउन सकिन्छ भन्ने धारणा किन गलत छ? यो धारणा मुक्तिको योजनाको बिपरित किन छ?

## कथा ६
## अचेत अवस्थाबाट ख्रीष्टमा
## पिटर, अस्ट्रेलिया



पिटर सात वर्षको हुँदा स्कूलको बाहिर बाटो काट्दै थियो तब एउटा कारले उसलाई हानी दियो। पिटर अस्ट्रेलियाको ब्रिसबेनमा स्कूलबाट घर फर्किन्दै थियो।

कारले उसलाई दनक दिँदा पिटरलाई परसम्म हुट्याइ दियो र ऊ पिठ्युँमा उत्तान्न परेर लडेको थियो। पत्रुस ६ महिनासम्म अचेत अवस्थामा थियो।

जब पत्रुस अचेत अवस्थामा थियो तब उसको हजुर आमाले उसको मुक्तिको बारेमा चिन्तित भइन्। त्यसकारण रोमन क्याथोलिक चर्चको परम्परा अनुसार हजुर आमाले एक जना फादरलाई बोलाएर अचेत भएको पिटरलाई पानीले छर्केर बप्तिस्मा दिन लगाइन्।

जब अचेत अवस्थाबाट पिटर व्युँझ्यो तब कार दुर्घट्नाले गर्दा उसको दिमागमा असर परेको महसुस गऱ्यो। खाना खाने र बाथरुम जाने जस्ता आधारभूत क्रियाकलाप उसले फेरि सिक्नुपरेको थियो। उसलाई पढ्न पनि गाऱ्हो भएको थियो र मानिसहरूले कुरा गरेको बुझ्न पनि मुश्किल भएको थियो।

अनेकौं चुनौती पिटरले भोग्नुपरेतापनि आठ वर्षसम्म लनाशील भएर पढ्न र लेख्न प्रयास गरिरहेको थियो। ती वर्षहरूमा हजुर आमाले पिटरलाई कहिलेकाहीँ चर्चमा लग्थिन्। पिटर चर्चमा जान मन पराउँथ्यो। उसको हृदयमा परमेश्वरप्रतिको चाहना खोपिएको उसले महसुस गऱ्यो र हृदयमा परमेश्वर भरिएको उसले इच्छा गरेको थियो। त्यो भोकलाई मेट्न उसले आत्मिक यात्रा सुरु गर्न थाल्यो।

जब पिटर १६ वर्ष भयो तब आफू चर्चमा नियमितरूपमा जान सक्छु कि भनेर आफ्नी आमासँग अनुरोध गऱ्यो। उसको हजुर आमाले उसलाई कहिलेकाहीँमात्र आइतबार चर्चमा लान्थी। आमाको अनुमतीले पिटरले हप्ताको चार पल्ट चर्चमा जान थाल्यो। शनिबार बेलुका एक पल्ट, आइतबार बिहान एक तीन पल्ट र आइतबार बेलुका एक पल्ट चर्चमा सक्रिय भएर सरिक हुन थाल्यो।

दश वर्ष भित्र पिटर चर्चका विभिन्न आराधना कार्यक्रममा सरिक भए र धेरै चर्चहरूमा उनले घुमे। उनले विवाह गरे र दुई छोरीहरूको बुबा भए। उनी दराज बनाउने काममा लागेका थिए। एक दिन उसको एक जना एडभेन्टिस्ट चर्चको ग्राहकले उनलाई एडभेन्टिस्ट चर्चको बारेमा सुनाए।

जब समय बित्दै गयो, पिटर अस्ट्रेलियाको ब्रिसबेन सहरमा घर किनेर त्यहीँ बसोबास गर्न थाले। उनी रहेको टोलमा एडभेन्टिस्ट चर्च थियो। जब उनी रेलवे स्टेशनमा दिन दिनै घरबाट काम गर्न ओहोर दोहर गर्दा त्यो चर्च कस्तो रहेछ भन्ने उत्सुकता उनमा जाग्यो।

एक साबथ बिहान कारहरू त्यस चर्चमा आउन थालेको उनले देखे। त्यो चर्च कस्तो रहेछ भनेर चर्चभित्र गएर हेर्न गए। चर्चका सदस्यहरूले उनलाई न्यानो अभिवादन गरे र उनलाई तुरन्तै साथी बनाए। उनलाई साबथ स्कूल कक्षामा सरिक हुन निम्तो दियो। चर्चमा उसले नयाँ साथीहरू बनाए। चर्चपछि उनलाई एक जना एडभेन्टिस्टले आफ्नो कारबाट उनलाई घरसम्म पुऱ्याइ दिए। ***पिटर अर्को हप्तामा पनि चर्च फर्के र फेरि अर्को हप्ता पनि।***

"चर्चमा विश्वासहरू धेरै मिलनसार र मप्रति चासो देखाउने भएको मैले महसुस गरेँ। यही एउटा कारणले म चर्चमा आइरहेँ," पिटरले सुनाए।

चर्चको पास्टरसँग पिटरले बाइबल अध्ययन गर्न थाले। जब पास्टरसँग बाइबल पढ्न थाले तब उनको हृदयमा धर्मी हुने आत्मिक भोक मेट्दै गएको पिटरले महसुस गरे। पहिलो पल्ट उनको चाहना येशूले पूरा गर्नुभएको उनले पाएको थियो। बाइबलले सिकाएको तरिका अनुसार बप्तिस्मा लिएर आफ्नो हृदय येशूलाई दिन उनले निर्णय गरे। आफू अचेत भएको बेलामा उनलाई दिएको बप्तिस्मामा के भएको थियो उनलाई थाहा थिएन। अब आफ्नै निर्णयले उनले बप्तिस्मा लिन चाहेको थियो।

एक २०२१को साबथमा उनले बप्तिस्मा लिए। जब उनी बप्तिस्माको पोखरीबाट बाहिर निस्के तब उनका साथीहरू हर्षले भावविभोर भएका थिए। उनको आत्मिक यात्रा सुन्दर तरिकाले अन्त्य भएको थियो भने अचम्म तरिकाले सुरु पनि भएको थियो।

जो मानिस धार्मिकताको निम्ति भोकाउँछ र तिर्खाउँछ ऊ भरिने छ भनेर येशूले भन्नुभएको थियो, "धन्य धार्मिकताको निम्ति भोकाउने र तिर्खाउनेहरू, किनभने तिनीहरू तृप्त हुनेछन्।" मत्ती ५:६।

-लिनेट आश्बी